# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

**(खण्ड ८) भिमाद मंसिर २१ गते, २०८१ साल (संख्या ११)**

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ) को उपदफा 102३ बमोजिम भिमाद नगर ( कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### भिमाद नगरपालिका बाँझो जग्गा उपयोग अनुदान (पहिलो संशोधन) कार्यविधि, २०८१

भिमाद नगरपालिका बाँझो जग्गा उपयोग अनुदान कार्यविधि, २०८१ लाई समानूकुल संशोधन गर्न वाञ्छनीय भएकोले,

भिमाद नगरपालिका नगर कार्यपालिकाको वैठकले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

१. **<u>संक्षिप्त नाम प्रारम्भ</u>- यस कार्यविधिको नाम** भिमाद नगरपालिका बाँझो जग्गा उपयोग अनुदान (पहिलो संशोधन) कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **<u>मूल कार्यविधिको दफा २ मा सशोधन</u>**- दफा २ को खण्ड (ट) पश्चात देहायको खण्ड (ठ) कायम गरिएको छ ।

(ट) कृषि व्यवसाय प्रवर्द्धन समिति भन्नाले भिमाद नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन समितिलाई जनाउँनेछ

३ .**<u>मूल कार्यविधिको दफा ९ मा संशोधन</u>**- मूल कार्यविधिको दफा १ को खण्ड (ग) मा कृषि विकास शाखाका दुई जना प्राविधिक भन्ने सट्टामा कृषि विकास शाखाको प्राविधिक एक जना र पशु सेवा शाखाको प्राविधिक एक जना गरी दुई जना प्रावधिक भन्ने प्रावधान राखिएको छ ।

४. **<u>मूल कार्यविधिको दफा १४ क थप गरिएको सम्बन्धमा-</u>** नगर कार्यपालिकले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी कार्यविधिका रहेका अनुसूची आवश्यकता अनुसार हेरफेर थपघट गर्न सक्नेछ ।

५. **<u>मूल कार्यविधिको अनुसूची-३ मा हेरफेर</u>**- मूल कार्यविधिको अनुसूची- ३ मा देहाय बमोजिम हुने गरी थप गरेको छ ।

अनुसूची-३

दफा ४ संग सम्बन्धित

| **बालीको नाम** | **अनुदान प्रतिरोपनी/प्रति वोटमा रु. मा** | | | **कैफियत** |
|---|---|---|---|---|
| | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | |
| खाधान्न बाली | ३,०००।- | २,०००।- | १,०००।- | प्रति रोपनी |
| तरकारी बाली | ३,०००।- | २,०००।- | १,०००।- | प्रति रोपनी |
| जडिबुटि खेती | २,०००।- | १,०००।- | ५००।- | प्रति रोपनी |
| मसलाबाली | २,०००।- | १,०००।- | ५००।- | प्रति रोपनी |
| तेलहनबाली | ३,०००।- | २,०००।- | १,०००।- | प्रति रोपनी |
| घाँसखेती | ३,०००।- | २,०००।- | १,०००।- | प्रति रोपनी |
| फलफूल बाली | १००।- | ७५।- | ५०।- | प्रतिवोट |

**द्रष्टव्य :**

१. बाँझो जमिनमा बहुवर्षे घाँस खेती अनुदानका लागि दोस्रो र तेस्रो वर्षमा दिइने अनुदान रकमका लागि क्रमश दोस्रो र तेस्रो वर्ष थप क्षेत्र विस्तार गरेको हुनुपर्ने छ ।

२. फलफूलबालीको हकमा अनुदान रकम पहिलो र दोस्रो वर्षमा दिइने अनुदान रकमका लागि दोस्रो र तेस्रो वर्षमा थप नया विरुवा अनिवार्य रुपमा लगाएको हुनुपर्ने छ ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०८/२१ — कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०**